प्रमुख समाचार

- प्रधानमन्त्रीले भन्नुभयो, भारत विश्वको भरपर्दो र तयार उत्पादन केन्द्रको दिशामा अघि बढिरहेछ
- पृथ्वी विज्ञान मन्त्रीले भन्नुभयो, भारतमा डप्लर मौसम रडार चौधबाट बढेर एक्काउन पुगेको छ
- कृषि मन्त्रीको विकसित भारत-ग्राम G योजनाले विकसित गाउँ निर्माणमा पुऱ्याउन सक्ने योगदानको अध्ययन गर्न अधिकारीलाई निर्देशन
- एक व्यक्तिबाट अर्को व्यक्तिलाई गरिने UPI कारोबार निःशुल्क रहने अनि
- राष्ट्रव्यापी 'सेवा संकल्प अभियान' आजदेखि शुरू

PM Semicon India

प्रधानमन्त्री नरेन्द्र मोदीले भारत विश्वका लागि भरपर्दो र तयार उत्पादन केन्द्र बन्ने दिशामा तीव्र गतिले अघि बढिरहेको बताउनुभएको छ। नयाँ दिल्लीस्थित यशोभूमिमा आज सेमिकन इन्डिया २०२६ को उदघाटन गर्दै उहाँले कृत्रिम बुद्धिमताको युगमा सेमिकन्डक्टरसँगै सम्पूर्ण प्रणालीलाई एकीकृत गर्नमा ध्यान केन्द्रित गर्नुपर्ने बताउनुभयो।

प्रधानमन्त्री मोदीले चुनौतीपूर्ण विश्वव्यापी परिस्थिति हुँदाहुँदै पनि भारतले सात दशमलौ आठ प्रतिशतको आर्थिक वृद्धि दर हासिल गरेको उल्लेख गर्नुभयो। उहाँले भारतको सेमिकन्डक्टर इकोसिस्टमबारे बोल्दै भन्नुभयो......

उहाँकाअनुसार सेमिकन्डक्टर मिसन २.० को पहिलो चरणका लागि लगानी आठ अरब डलरबाट बढाएर तेह्र दशमलौ पाँच अरब डलर पुऱ्याइएको छ। हालसम्म चिप निर्माणसम्बन्धी बाह्रवटा परियोजनालाई स्वीकृति दिइसकिएको छ।
कार्यक्रममा छह सयभन्दा अधिक प्रदर्शक, तीन सय अन्तरराष्ट्रिय कम्पनी तथा पचासभन्दा अधिक देशका प्रतिनिधिमण्डल सहभागी छन्। सम्मेलनको मुख्य विषय 'सिलिकनदेखि सिस्टम्सः बिल्डिङ द इकोसिस्टम' रहेको छ।

---------------------------------------X---------------------------------------

Jitendra - Weather Radar

पृथ्वी विज्ञान मन्त्री डाक्टर जितेन्द्र सिंहले विगत बाह्र वर्षमा भारतमा डप्लर मौसम रडारको संख्या चौधबाट बढेर एक्काउन पुगेको बताउनुभयो। उहाँले आज ओडिशाको सम्बलपुरमा भारतको एक्काउनौं अत्याधुनिक डप्लर मौसम रडारको भर्चुअल उदघाटन गर्दै यस्तो बताउनुभएको हो।
केन्द्रीय मन्त्रीले 'मिसन मौसम' अन्तर्गत थप करिब चालीसवटा रडार स्थापना गर्ने योजना रहेको जानकारी दिनुभयो। उहाँले यसबाट आँधी, चट्याङ, मुसलधारे वर्षालगायत मौसमजन्य जोखिमको निगरानी र पूर्वानुमान क्षमता अझ सुदृढ हुने बताउनुभयो।
डाक्टर सिंहले भारतीय मौसम विभागले 'छिमेकी पहिला' र 'विश्व बन्धु भारत' को भावनाअनुरूप तेह्रवटा छिमेकी देशलाई मौसम, चक्रवात र आकस्मिक बाढीसम्बन्धी पूर्वानुमान तथा पूर्वचेतावनी सहायता उपलब्ध गराउँदै आएको पनि बताउनुभयो।

---------------------------------------X---------------------------------------

Chauhan - Gram Ji

ग्रामीण विकास, कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले विकसित भारत-ग्राम G योजनाले विकसित गाउँ निर्माणमा कसरी योगदान पुऱ्याउन सक्छ भन्ने विषयमा अध्ययन गर्न अधिकारीहरूलाई निर्देश दिनुभएको छ। नयाँ दिल्लीमा आयोजित राष्ट्रिय कार्यशालामा उहाँले योजनाको उद्देश्य रोजगारी सिर्जना गर्नुका साथै ग्रामीण समुदायको दीर्घकालीन हितमा उपयोगी सम्पत्ति निर्माण गर्नु रहेको बताउनुभयो। श्री चौहानले योजनाअन्तर्गत भइरहेका कामको आकस्मिक निरीक्षण गर्न पनि निर्देशन दिनुभएको छ।

केन्द्रीय मन्त्रीले 'विकसित भारतका लागि विकसित गाउँ' को लक्ष्यअनुसार योजनाको माध्यमबाट गाउँ विकासको बलियो आधार तयार गर्न र ग्रामीण अर्थतन्त्र सुदृढ बनाउनुपर्ने बताउनुभयो। उहाँले योजनाअन्तर्गत ज्याला र सामग्रीमा खर्च हुने राशीको अनुपात पालना गर्न पनि जोड दिनुभयो। जिल्लास्तरमा साठ्ठी प्रतिशत राशी ज्याला र चालीस प्रतिशत सामग्रीमा खर्च गर्नुपर्ने व्यवस्था रहेको श्री चौहानले बताउनुभयो।

---------------------------------------X---------------------------------------

UPI - Explanation

एक व्यक्तिबाट अर्को व्यक्तिलाई गरिने UPI कारोबार निःशुल्क रहने भएको छ। साथी-भाइलाई पैसा पठाउँदा, दोकानमा भुक्तानी गर्दा वा QR कोड स्क्यान गरेर कारोबार गर्दा कुनै शुल्क लाग्ने छैन। सरकारी सूत्रकाअनुसार UPI QR कोडमार्फत प्रतिमहिना एक लाख रूपियाँसम्म आम्दानी गर्ने विक्रेतामाथि पनि कुनै शुल्क लाग्ने छैन। रूपे डेबिट कार्डसँग जोडिएका UPI कारोबार पनि निःशुल्क रहनेछन्।

सूत्रकाअनुसार व्यापारीलाई गरिने लगभग छयानब्बे प्रतिशत UPI कारोबार प्रभावित हुने छैनन्। तर रेलवे र इन्धनका लागि दुई हजार रूपियाँभन्दा बढीको भुक्तानीमा प्रति कारोबार पाँच रूपियाँ मर्चेन्ट डिस्काउन्ट रेट अर्थात् MDR लागू हुनेछ। अन्य ठूला व्यापारी कारोबारमा दुई हजार रूपियाँभन्दा बढी रकममा शून्य दशमलौ चार प्रतिशत MDR लाग्नेछ। साना व्यापारीबीच UPI कारोबारलाई प्रोत्साहन गर्न छुट्टै कोष स्थापना गरिनेछ। कुल MDR सङ्कलनको पाँच प्रतिशत रकम यस कोषमा योगदान गरिने बताइएको छ।

---------------------------------------X---------------------------------------

Service-Good Governance MyGov Special

प्रधानमन्त्री नरेन्द्र मोदीको जनसेवाको २५ वर्ष पूरा भएको अवसरमा महिनाभरि चल्ने राष्ट्रव्यापी 'सेवा संकल्प अभियान' आजदेखि शुरू भएको छ। आगामी महिनाको सत्र तारिकसम्म चल्ने यस 'सेवा संकल्प अभियान' अन्तर्गत अभियानको पहिलो दिनलाई 'सेवा दिवस' का रूपमा पालन गरियो। यस अवसरमा देशभरि रक्तदान शिविरहरू आयोजना गरिए।

---------------------------------------X---------------------------------------

Play Gong

पल-पलको रेडियो समाचारमा अपडेट रहनका लागि कृपया हाम्रो आधिकारिक X ह्यान्डल 'airnews_gangtok' र आधिकारिक फेसबुक ह्यान्डल 'AkashvaniNewsGangtok' फलो गर्नुहोस्।

Play Gong

Kolkata - Maoist arrested

पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले राज्य सरकारले नक्सलवादसँग कडाइका साथ सामना गर्ने बताउनुभएको छ। उहाँले CPI-माओवादी नेता असीम मण्डललाई पक्राउ गरेकोमा कोलकाता प्रहरीको विशेष कार्यदलको प्रशंसा गर्नुभयो। श्री अधिकारीले भन्नुभयो, जनसुरक्षामा खतरा पुऱ्याउने वा विकासमा बाधा पुऱ्याउने कुनै पनि चरमपन्थी विचारधारा सहन गरिनेछैन। विशेष कार्यदलले बुधबार र बिहीबारको मध्यराती असीम मण्डललाई पक्राउ गरेको हो। उनीमाथि एक करोड भारतीय रूपियाँको पुरस्कार घोषणा गरिएको थियो। स्रोतकाअनुसार मण्डल लालगढ आन्दोलनमा महत्त्वपूर्ण भूमिकामा थिए र बंगाल-झारखण्ड-ओडिशा क्षेत्रीय समितिका गतिविधिसित सम्बन्धित जिम्मेवारी सम्हाल्दै आएका थिए।

---------------------------------------X---------------------------------------

Hindustan Aeronautics - Aircraft

हिन्दुस्तान एयरोनोटिक्स लिमिटेडले भोलि बेङ्गलुरुमा भारतीय वायुसेनालाई हल्का लडाकु विमान, दुई सिट भएको तेजस विमान र HTT-४० बेसिक ट्रेनर विमान हस्तान्तरण गर्नेछ। यस अवसरमा कम्पनीले सार्वजनिक क्षेत्र उपक्रम पवन हंस लिमिटेडलाई ध्रुव Next जेनेरेसन हेलिकप्टर पनि हस्तान्तरण गर्नेछ। समारोहमा रक्षा मन्त्री राजनाथ सिंह र नागरिक उड्डयन मन्त्री राममोहन नायडु उपस्थित हुनुहुनेछ।

रक्षा मन्त्रालयकाअनुसार यी विमान तथा हेलिकप्टरलाई सेवामा समावेश गर्नु स्वदेशी क्षमता सुदृढ पार्ने र विदेशी स्रोतमा रहेको निर्भरता कम गर्ने दिशामा महत्त्वपूर्ण कदम हो। मन्त्रालयले एयरोस्पेस तथा रक्षा क्षेत्रमा स्वदेशी डिजाइन, विकास र उत्पादनलाई प्रोत्साहन दिन सरकारले प्राथमिकता दिएको जनाएको छ।

---------------------------------------X---------------------------------------

Jaishankar-Bhutan

विदेश मन्त्री डाक्टर सुब्रह्मण्यम जयशंकरले आज भुटानका प्रधानमन्त्री छिरिङ तोब्गे र विदेश मन्त्री DN ढुङ्गेलसित मिलेर भारत भ्रमण गर्ने भुटानी नागरिकका लागि अन्तरराष्ट्रिय UPI-को दोस्रो चरण शुभारम्भ गर्नुभयो। डाक्टर जयसंकरले

भुटानमा UPI कारोबार शुरू भएसँगै भारत र भुटानबीच UPI-मा आधारित डिजिटल भुक्तानी सम्पर्क पूर्ण भएको बताउनुभयो।

यस अवसरमा भारतीय संस्थानमा भुटानी विद्यार्थीको उच्च शिक्षाका लागि नेहरू-वाङ्चुक छात्रवृत्ति योजना विस्तार गर्ने सम्झौता पनि भएको छ। डाक्टर जयशंकरले यसलाई शिक्षा र क्षमता विकासका क्षेत्रमा भारत-भुटान सहकार्यको महत्त्वपूर्ण पहल बताउनुभयो।

विदेशमन्त्री डाक्टर जयशंकरले भुटानका प्रधानमन्त्रीलाई भारतमा निर्मित चौवनवटा विद्युतीय वाहन पनि हस्तान्तरण गर्नुभयो। उहाँले विद्युतीय यातायात र दिगो परिवहनको दिशामा भुटानको प्रगतिमा भारतले सहयोग गर्ने बताउनुभयो।

---------------------------------------X---------------------------------------

PM Birthday Public Greetings

प्रधानमन्त्री नरेन्द्र  मोदीको जन्मदिनमा आज विश्वभरिबाट शुभकामना र बधाई आइरहेछन्। उहाँले सोशल मीडियामा यस शुभकामनाप्रति आभार व्यक्त गर्दै यस्ता आशीर्वादले आफ्नो हृदयमा विशेष स्थान राख्नका साथै प्रत्येक आशीर्वादले देशका जनताको सेवा गर्नका लागि आफ्नो संकल्पलाई अधिक दृढ़ बनाउँदछ भन्नुभएको छ। प्रधानमन्त्रीले आफ्नो सोशल मिडिया अकाउन्टमा अमन पन्तद्वारा रचित 'आशीर्वाद का दिया' गीत पुनः साझा गर्नुभएको छ।

---------------------------------------X---------------------------------------

India Textile Export

भारतको वस्त्र निर्यात यस वर्ष अगस्तमा बढेर उन्तीस हजार सात सय करोड रूपियाँभन्दा अधिक भएको छ। गत वर्ष अगस्तमा यो पच्चीस हजार छह सय करोड रूपियाँभन्दा अधिक थियो। वस्त्र मन्त्रालयकाअनुसार गत वर्ष अगस्त महिनाको तुलनामा निर्यातमा सोल्ह दशमलौ एक प्रतिशत वृद्धि भएको छ।

मन्त्रालयकाअनुसार २०२६ को अप्रेलदेखि अगस्तसम्म भारतको कुल वस्त्र निर्यात एक लाख चालीस हजार करोड रूपियाँभन्दा अधिक पुगेको छ। यो अघिल्लो वर्षको यसै अवधिको तुलनामा दश दशमलौ तीन प्रतिशत अधिक हो। मन्त्रालयले प्रमुख क्षेत्रमा निरन्तर भइरहेको वृद्धिले भारतीय वस्त्र निर्यातको प्रतिस्पर्धात्मक क्षमता र विविधीकरण बढ्दै गएको देखाएको जनाएको छ।

---------------------------------------X---------------------------------------

प्रमुख समाचार पुनः एकपल्ट

- प्रधानमन्त्रीले भन्नुभयो, भारत विश्वको भरपर्दो र तयार उत्पादन केन्द्रको दिशामा अघि बढिरहेछ
- पृथ्वी विज्ञान मन्त्रीले भन्नुभयो, भारतमा डप्लर मौसम रडार चौधबाट बढेर एक्काउन पुगेको छ
- कृषि मन्त्रीको विकसित भारत-ग्राम G योजनाले विकसित गाउँ निर्माणमा पुऱ्याउन सक्ने योगदानको अध्ययन गर्न अधिकारीलाई निर्देशन
- एक व्यक्तिबाट अर्को व्यक्तिलाई गरिने UPI कारोबार निःशुल्क रहने अनि
- राष्ट्रव्यापी 'सेवा संकल्प अभियान' आजदेखि शुरू